**२०७४ साल साउन ३१ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. चिकित्साशास्त्र अध्यापनका लागि आशयपत्र (LOI) पाएका संस्थाहरू सरकारले आफ्नो स्वामित्वमा लिन चाहेमा वा लिनसक्ने सम्भावना देखिन आएमा सोको सम्बन्धमा नीतिगत, कानुनी र प्रक्रियागत विषयमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक राय सुझाव दिन मुख्यसचिवको संयोजकत्वमा अर्थ सचिव, शिक्षा सचिव, स्वास्थ्य सचिव र सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव रहेको एक कार्यदल गठन गर्ने । कार्यदलले आवश्यकतानुसार सम्बन्धित विज्ञ व्यक्तिहरूको राय लिन सक्ने ।

२. आपूर्ति मन्त्रालय— साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले खरीद गरी मौज्दात रहेको जस्तापाता बिक्री बितरण गर्न स्वीकृती दिने र सोसंग सम्बन्धित खर्च सोधभर्ना दिने ।

३. उद्योग मन्त्रालय— विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

४. ऊर्जा मन्त्रालय— त्रिशुली 3A जलविद्युत आयोजनाको प्रशारण लाइनमुनी पर्ने जग्गामा निर्माण कार्य तथा रुख रोप्न निषेध गर्ने ।

५. ऊर्जा मन्त्रालय— जलाशय युक्त जलविद्युत आयोजना र प्रशारण लाइन आयोजना निर्माण गर्नको लागि बेल्ट एण्ड रोड इनिसिएटिभ अन्तर्गत सहयोग अगाडी बढाउन स्वीकृति दिने ।

६. ऊर्जा मन्त्रालय— नदी वेसिन आयोजना तथा जलविद्युत विकास गुरु योजना तर्जुमा आयोजनामा आ.व.२०७४/७५ को लागि देहाय बमोजिमका राजपत्रांकित तर्फका बिभिन्न ४ वटा अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

७. गृह मन्त्रालय— विक्रम सम्वत् २०७४ साल श्रावण २३ गते सोमबारका दिन तराइ क्षेत्रका जिल्लाहरुमा रक्षा बन्धन पर्वको सार्वजनिक बिदा दिने निर्णय समर्थन गर्ने ।

८. गृह मन्त्रालय— सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरुको सरुवा तथा पदस्थापन गर्ने ।

९. गृह मन्त्रालय—

(क) नेपाल प्रहरीको परिवर्तित संगठन संरचना र दरवन्दी तेरिज स्वीकृति गर्ने ।

(ख) हालका पाँचवटा क्षेत्रीय प्रहरी कार्यालयहरुलाई नेपाल प्रहरी मातहत रहने गरी सम्बन्धित प्रदेशको प्रदेश प्रहरी कार्यालयमा र अञ्चल प्रहरी कार्यालयहरुलाई सङ्घीय प्रहरी ईकाई कार्यालयमा रुपान्तरण गर्ने ।

(ग) प्रदेश नं. २ र प्रदेश नं. ६ मा नेपाल प्रहरी मातहत रहने गरी नयाँ प्रदेश प्रहरी कार्यालय स्थापना गर्ने ।

(घ) नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।०४।१९ को निर्णयानुसार बढुवा भएका प्रहरी अतिरिक्त महानिरीक्षकहरु श्री बमबहादुर भण्डारी समेत एघार जनालाई नेपाल प्रहरीको केन्द्रीय र प्रदेश संरचनाको स्वीकृत दरवन्दीमा गृह मन्त्रालयले पदस्थापन गर्ने ।

१०. गृह मन्त्रालय— अविरल वर्षाबाट आएको बाढी, पहिरो तथा डुवान पीडितहरुलाई संकटको अवस्थामा रहेका पीडितहरु यकिन गरी सम्बन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्धार समितिबाट यसरी यकिन भएका पीडितहरुलाई खाद्यान्न खरिद गर्नका लागि प्रति व्यक्ति प्रति दिन रु.७०।- का दरले ३० दिनका लागि एकमुष्ट नगदै राहत उपलब्ध गराउने ।

११. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत सञ्चालन हुने आयोग कार्यक्रम तथा विभिन्न आयोजनामा आर्थिक वर्ष २०७४/०७५ का लागि १०९(एक सय नौ) राजपत्रांकित अधिकृतहरुको अस्थायी दरवन्दी सिर्जना गर्ने ।

१२. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— पाल्पा जिल्ला रामपुर नगरपालिकालाई जग्गा लिजमा दिन स्वीकृति दिने।

१३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— नेपाल सरकारका नाममा रहेको जग्गा तैनाथी गुठी जनाई मोही गुम्बा (कर्माराज महाविहार) को नाममा दर्ता गर्न स्वीकृति दिने विषय प्रस्ताव फिर्ता गर्ने ।

१४. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— तनहुँ हाइड्रो पावर लिमिटेडलाई हदबन्दी भन्दा बढी जग्गा राख्न छुट दिन स्वीकृती दिने ।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सवारी तथा यातायात व्यवस्था (सातौं संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने ।

१६. रक्षा मन्त्रालय— नेपाली सेनाका प्रधान सेनापति राजेन्द्र क्षत्री समेतको भ्रमण दललाई क्यानडाको भिक्टोरिया भ्रमणमा जान स्वीकृति दिने।

१७. रक्षा मन्त्रालय— नेपाली सेनाका महा सेनानी कुमार बाबु थापा र महासेनानी मधुकर सिंह कार्कीलाई गैर आवासीय सैनिक सहचारी नियुक्त गर्ने ।

१८. रक्षा मन्त्रालय— प्राविधिक प्रमुख सेनानी डा. अनु गुरुङ्ग समेत ३ जनालाई पदोन्नति गरी पदस्थापन गर्ने।

१९. रक्षा मन्त्रालय— मित्रराष्ट्र म्यानमारका सेना प्रमुखलाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउन नेपाली सेनालाई स्वीकृति दिने।

२०. रक्षा मन्त्रालय— प्राविधिक महासेनानी मिलन घलेलाई पदोन्नति गरी पदस्थापन गर्ने ।

२१. रक्षा मन्त्रालय— प्राड प्रमुख सेनानी ईभिता राणालाई प्राड महा सेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

२२. रक्षा मन्त्रालय— प्राविधिक प्रमुख सेनानी भेट्.डा.राजकुमार निरौलालाई पदोन्नति गरी पदस्थापन गर्ने ।

२३. रक्षा मन्त्रालय— महा सेनानी आनन्द कुमार अधिकारीलाई सहायक रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

२४. रक्षा मन्त्रालय— महा सेनानी द्वय कुमार लामा र रामनाथ शर्मा ढुंगानालाई सहायक रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

२५. वन तथा भूसंरक्षण मन्त्रालय— अरूण-३ जलविद्युत आयोजनाको निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

२६. वन तथा भूसंरक्षण मन्त्रालय— माथिल्लो कर्णाली जलविद्युत आयोजनाको निर्माणका लागि वन क्षेत्र प्रयोग गर्ने दिने ।

२७. वन तथा भूसंरक्षण मन्त्रालय— मोलुङ खोला ३३ के.भी. प्रसारणलाइन आयोजना निर्माणका लागि वन क्षेत्र प्रयोग गर्ने दिने ।

२८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— पुनर्निर्माण इकाईहरुमा अस्थायी दरवन्दी सिर्जना गर्ने।

२९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— श्रीचैतन्य सारस्वत सभा, काठमाडौलाई आर्थिक सहायता उपलब्ध गराउने।

३०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— वायुयान खोज तथा उद्धार नियमावली, २०७४ स्वीकृत गर्ने ।

३१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— बुद्ध जयन्ती (२५६१) समारोह समिति, आनन्दकुटी विहार, स्वयम्भुलाई चार लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

३२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— नेपाल भ्रमण वर्ष २०२० मुल आयोजक समिति गठन गर्ने ।

३३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल उच्चस्तरीय समन्वय तथा सहजिकरण समिति गठन गर्ने ।

३४. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— गाउँपालिका तथा नगरपालिकाको सीमाना, नाम, केन्द्र र वडाको संख्या पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने।

३५. सामान्य प्रशासन मन्त्रालय— संघीय व्यवस्था कार्यान्वयन संक्रमणकालीन व्यवस्थापन कार्ययोजना, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी समितिको सिफारिश सहित पेश गर्ने ।

३६. स्वास्थ्य मन्त्रालय— लोक सेवा आयोगको सिफारिश अनुसार नेपाल स्वास्थ्य सेवाको एघारौं तहको विभिन्न समूह, उपसमूहको प्रमुख कन्सल्टेण्ट पदमा डा.माधव बाबु तिवारी समेत १३ जना चिकित्सकहरुलाई बढुवा नियुक्ति गर्ने।

३७. स्वास्थ्य मन्त्रालय—

१. जी.पी कोईराला राष्टिय स्वासप्रश्वास उपचार विकास समितिको अध्यक्ष पदमा स्वास्थ्य सेवाको बाह्रौ तहका चिकित्सकमध्येबाट डा. पुष्पा चौधरी लाई मनोनयन गर्ने ।

२. मानव अंग प्रत्यारोपण विकास समितिको अध्यक्ष पदमा स्वास्थ्य सेवाका विशिष्ट श्रेणी सरहको कर्मचारीबाट डा. विनोदमान श्रेष्ठ लाई मनोनयन गर्ने।

३८. उपराष्ट्रपतिको कार्यालयका सचिव श्री नारायणगोपाल मलेगोको उमेरको हदको कारणबाट मिति २०७४।५।१ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल साउन २९ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. गत केही दिनदेखि भइरहेको अविरल वर्षासँगै मुलुकका तराई मधेशलगायतका केही जिल्लाहरूमा बाढी, पहिरो र डुबानले गर्दा जनधनको क्षति हुनुको साथै यातायात, सञ्चार र विद्युत सेवा अवरुद्ध हुनाका साथै जनजीवन अस्तव्यस्त भई सङ्कटको अवस्था सिर्जना भएको दुःखद् परिस्थितिमा नेपाल सरकारका प्रशासनिक निकायहरू, सबै सुरक्षा अङ्गहरू, स्थानीय निकाय, निजी क्षेत्र, सामाजिक क्षेत्र तथा गैरसरकारी संघ संस्थाहरूलाई समन्वयात्मक रूपमा परिचालन गरी प्रभावकारी उद्धार, राहत, उपचार एवं बसोबासको व्यवस्था युद्धस्तरमा मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने ।

बाढी, पहिरो तथा डुवानमा परी ज्यान गुमाउने मृतकहरू प्रति श्रद्धाञ्जली अर्पण गर्ने, पीडित परिवार प्रति समवेदना प्रकट गर्ने तथा घाइते हुनेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

मुलुकको विभिन्न भागमा आएको बाढी, पहिरोका कारण उत्पन्न प्रकोपबाट पीडित जनताहरूलाई राहत प्रदान गर्नका लागि मन्त्रिपरिषद्का सदस्यहरूको एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने । साथै, उक्त कोषमा सहयोग उपलब्ध गराउन चाहने विभिन्न व्यक्ति, निकाय वा संघ संस्थाको सहयोगलाई स्वीकार गर्ने ।

हालको बाढी, पहिरो र डुबानबाट प्रभावित क्षेत्र र संकटापन्न परिवारको राहतका लागि देहायबमोजिम गर्ने —

(क) प्रभावित क्षेत्रमा भएको जनधनको क्षति मूल्याङ्कन गरी तात्कालिक, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तयार गरी गृह मन्त्रालयको समन्वयमा कार्यान्वयन गर्ने गराउने ।

(ख) आ-आफ्नै मन्त्रालय अन्तर्गतका राहत, उद्धार र क्षति भएका पूर्वाधारहरूको मर्मत सम्भार तथा पुनर्स्थापनाका लागि आवश्यक पर्ने रकम सम्बन्धित मन्त्रालयमा विनियोजित बजेटबाट नै खर्च गर्ने र रकम नपुग भएमा अर्थ मन्त्रालयबाट थप निकासा वा सोधभर्ना माग गर्ने ।

(ग) प्रकोपमा परी मृत्यु हुने मृतकको नजिकको हकदारलाई प्रति मृतक दुई लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(घ) घाइतेहरूलाई सरकारी अस्पतालमा निःशुल्क औषधोपचारको व्यवस्था मिलाउने ।

२. अर्थ मन्त्रालय— भूकम्पपछिको पुनर्निर्माणका लागि एशियाली विकास बैंकले दाताको संयुक्त कोष मार्फत उपलब्ध गराउने अनुदान सहायता स्वीकार गर्ने।

३. अर्थ मन्त्रालय— नेपाल सरकार र चीन सरकारबीच लगानी तथा आर्थिक सहायता प्रबर्द्धन सम्बन्धी आधारभूत खाका सम्झौतामा हस्ताक्षर गर्ने।

४. अर्थ मन्त्रालय— नेपाल र चीन बीच आर्थिक तथा प्राविधिक सहायता सम्झौता एंव अरनिको राजमार्ग मर्मत परियोजना तातोपानी र रसुवागढी नाकाका पुलहरुको पुनःनिर्माणका लागि चीन सरकारबाट अनुदान सहायता प्राप्त गर्ने।

५. अर्थ मन्त्रालय— पेट्रोलियम तथा ग्यासको संभाव्यता अध्ययनको लागि चीन सरकारबाट १३६ मिलियन चिनिया युआन प्राप्त गर्ने ।

६. परराष्ट्र मन्त्रालय— जनवादी गणतन्त्र चीनका महामहिम उपप्रधानमन्त्री वाङ्ग याङ्ग नेतृत्वको चिनियाँ प्रतिनिधिमण्डलसँग मा हुने 31 श्रावण 2074बैठकमा नेपालको तर्फबाट प्रतिनिधित्वको लागि माननीय उपप्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डल गठन गर्ने।

७. शिक्षा मन्त्रालय— शिक्षा (नवौं संशोधन) ऐन, २०७४ को मस्यौदा व्यवस्थापिका संसदमा पेश गर्न स्वीकृत दिने ।

८. सामान्य प्रशासन मन्त्रालय— अधिकार सम्पन्न संघीय प्रशासनिक पुनसंरचना समितिको म्याद थप गर्ने ।

९. निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्यावधि २०७४ साल भदौ १४ गतेसम्म थप गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल साल साउन १९ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. अर्थ मन्त्रालय— अमेरिकी सरकारी निकाय Millennium Challenge Corporation बाट अनुदान सहायता स्वीकार गर्ने ।

२. अर्थ मन्त्रालय— विद्यालय क्षेत्र विकास कार्यक्रमको लागि युरोपियन युनियनबाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने ।

३. अर्थ मन्त्रालय— कर्मचारी सञ्चय कोषको अध्यक्ष पदमा अर्थ मन्त्रालयका सचिव (राजश्व)लाई नियुक्ति गर्ने ।

४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— भ्रमण खर्च रकम निकासा गर्ने ।

५. कृषि विकास मन्त्रालय— जीवनाषक विषादीहरुको सूची नेपाल राजपत्रमा प्रकाशन गर्ने विषयको प्रस्ताव कानुन बमोजिम राजपत्रमा सूचना प्रकाशित गर्ने अधिकार मन्त्रालयलाई प्रत्यायोजन गर्ने गरी प्रस्ताव फिर्ता गर्ने ।

६. गृह मन्त्रालय— प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बमबहादुर भण्डारीसमेत ११ जनालाई बढुवा नियुक्ति गर्ने ।

७. गृह मन्त्रालय— नेपाल प्रहरीको संगठन संरचनामा असर नपर्ने गरी विशेष बढुवा प्रयोजनका लागि प्रहरी नायव महानिरीक्षक पद एक सिर्जना गर्ने । यसरी सिर्जना भएको पद बढुवा भएको व्यक्ति अवकास भएपछि स्वत खारेज हुने ।

८. जनसङ्ख्या तथा वातावरण मन्त्रालय— ढुंगा, गिट्टी र बालुवाको संकलन र व्यवस्थापन तथा क्रसर उद्योगको दूरी सम्बन्धी मापदण्ड स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

९. परराष्ट्र मन्त्रालय— नेपाल र कुवेतबीच कूटनीतिक तथा सरकारी/विशेष राहदानी बाहकहरुलाई एक अर्को मुलुकमा प्रवेशाज्ञा छुट दिने सम्झौता स्वीकृत गर्ने ।

१०. परराष्ट्र मन्त्रालय— विमस्टेकको पन्ध्रौं मन्त्रीस्तरीय बैठक काठमाडौंमा आयोजना गर्ने ।

११. सामान्य प्रशासन मन्त्रालय— नेपाल प्रशासन सेवा, राजपत्रांकित प्रथम श्रेणीका श्री केदार नाथ शर्मा लगायतका राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवहरुलाई सरुवा गर्ने ।

१२. पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, पोखराको क्षेत्रीय प्रशासक श्री वेगेन्द्रराज शर्मा पौड्याललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरूवा गर्ने ।

१३. निजामती सेवा ऐन, २०४९ को दफा २०(१) बमोजिम गठित बढुवा समितिको सिफारिश अनुसार राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री लक्ष्मण अर्याललाई बढुवा गरी पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, पोखराको क्षेत्रीय प्रशासक पदमा पदस्थापना गर्ने ।

१४. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले आफ्नो पदबाट दिनुभएको राजिनामा सधन्यवाद स्वीकृत गर्ने ।

१५. राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पदमा राष्ट्रिय योजना आयोगका सदस्य डा. स्वर्णिम वाग्लेलाई नियुक्त गर्ने ।

१६. माननीय सूचना तथा सञ्चार मन्त्रीलाई नेपाल सरकारको प्रवक्ता तोक्ने ।

१७. स्वास्थ्य मन्त्रालयका प्रमुख विशेषज्ञ (बाह्रौं तह) डा. दिनेश श्रेष्ठ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ४५ बमोजिम मिति २०७४।४।१० देखि अनिवार्य अवकास प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको स्वास्थ्य सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल साउन १२ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. गृह मन्त्रालय— तराई मधेश र थरुहट आन्दोलनको क्रममा घाइते भएका महोत्तरी जिल्लाकी रामप्यारी देवी कलवारलाई रु.५,६०,०४३।- र सोही आन्दोलनमा घाइते भएकी जयन्ती कुमारी दास कायस्थको उपचार गरे वापत मीनभवन औषधी पसल प्रा.लि.काठमाण्डौलाई रु.५,०७,०००।- उपचार खर्च वापत आर्थिक सहायता उपलब्ध गराउने ।

२. गृह मन्त्रालय— नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३।०५।०२ मा भएको निर्णय संशोधन गरी शहिद हरि वहादुर कुँवरको वतन जुम्ला जिल्ला ताम्ती गा.वि.स. वडा नं. कायम गर्ने । 1

३. गृह मन्त्रालय— तराई मधेश र थरुहट लगायतका आन्दोलन र स्थानीय तह निर्वाचनको क्रममा मृत्यु , भएका तपसिल बमोजिमका शहीद घोषणा हुन बाँकी रहेका व्यक्तिहरुलाई शहीद घोषणा गर्ने ।

| क्र.सं. | मृतकको नाम, थर | ठेगाना |
|---|---|---|
| १ | रघु साँफी | ससरी |
| २ | दुखीलाल मेहता | सुनसरी |
| ३ | नागेन्द्र ठाकुर | सर्लाही |
| ४ | जमील भाट | बाँके |
| ५ | सत्य राज ढकाल | लम्कीचुहा-१,कैलाली |
| ६ | नरेन्द्र वि.क. | लम्कीचुहा-१,कैलाली |
| ७ | रुपलाल डगौरा थारु | भजनी-९,कैलाली |
| ८ | नेत्र बहादुर ओली | आठवीसकोट न.पा.-९रुकुम , |

४. गृह मन्त्रालय— गृहमन्त्री जनार्दन शर्माको विज्ञमा नेपाल सरकारको विशिष्ट श्रेणी सरहको पदबाट सेवानिवृत्त हुनुभएका रुकुम-५ खलङ्गा निवासी श्री सुरेन्द्रबहादुर शाहलाई नियुक्ति गर्ने ।

५. परराष्ट्र मन्त्रालय— नेपाल र दक्षिण अफ्रिकाका परराष्ट्र मन्त्रालयहरुबीच परामर्श संयन्त्र स्थापना गर्ने।

६. परराष्ट्र मन्त्रालय— संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कका राजदूत/स्थायी प्रतिनिधि दुर्गाप्रसाद भट्टराईको कार्यावधि समाप्त हुने मितिदेखि अर्को व्यवस्था नभएसम्मका लागि थप गर्ने ।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची -२ को संशोधन स्वीकृत गर्ने ।

८. रक्षा मन्त्रालय— मित्रराष्ट्र जाम्बियाका सेना प्रमुखलाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउने स्वीकृति दिने।

९. शिक्षा मन्त्रालय— चिकित्सा शिक्षा सम्बन्धी माग राखी त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थानका डा. गोविन्द के.सी.ले पेश गरेको माग सम्बन्धमा वार्ताका लागि नेपाल सरकारका तर्फबाट शिक्षा मन्त्रालयका सचिवको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोपीनाथ मैनाली र स्वास्थ्य मन्त्रालयका सचिव सदस्य रहने गरी उच्चस्तरीय वार्ता समिति गठन गर्ने ।

१०. श्रम तथा रोजगार मन्त्रालय— श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना प्रकृतिका निकायहरुमा आ.व.२०७४/०७५ को लागि राजपत्राङ्कित ४३ (त्रिचालिस) पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

११. सहकारी तथा गरिबी निवारण मन्त्रालय— गरिब घरपरिवारको अन्तिम सूची सार्वजनिक गरी परिचयपत्र वितरण गर्ने ।

१२. सामान्य प्रशासन मन्त्रालय— राजपत्रांकित प्रथम श्रेणीका श्री मनोजलाल प्रधानलाई राष्ट्रिय योजना आयोगको सचिवालय वा अन्तर्गत रिक्त भएको राजपत्रांङ्कित प्रथम श्रेणीको पदमा सरुवा/पदस्थापना गर्ने।

१३. सामान्य प्रशासन मन्त्रालय— सचिव नारायण गोपाल मलेगोलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको वरिष्ठ निर्देशक (विशिष्ट श्रेणी) को पदमा आवेदन दिन सहमति दिने र उक्त प्रतिष्ठानबाट निज छनौट भएमा काजमा जान स्विकृति दिने ।

१४. व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७२/०७३ लाई मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१५. बढुवा समितिको सिफारिश अनुसार नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री महेश्वर न्यौपानेलाई बढुवा गरी निर्वाचन आयोगमा पदस्थापना गर्ने, नेपाल ईन्जिनियरिङ्ग सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका श्री कृष्णराज बी.सी. न्यौपानेलाई बढुवा गर्ने र नेपाल लेखापरीक्षण सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका श्री रामुप्रसाद डोटेललाई बढुवा गर्ने।

१६. <u>सम्माननीय प्रधानमन्त्रीले प्रस्तुत गर्नुभएको</u>—
नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम ३१. बमोजिम देहायानुसार मन्त्रिपरिषद्का समिति गठन गर्ने ।

**१. <u>राजनैतिक समिति</u>**

| | | |
|---|---|---|
| (क) सम्माननीय प्रधानमन्त्री | — | संयोजक |
| (ख) माननीय उपप्रधानमन्त्री एवं सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्री | — | सदस्य |
| (ग) माननीय उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री | — | सदस्य |
| (घ) माननीय उपप्रधानमन्त्री एवं शिक्षामन्त्री | — | सदस्य |
| (ङ) माननीय स्वास्थ्यमन्त्री | — | सदस्य |
| (च) माननीय गृहमन्त्री | — | सदस्य |
| (छ) माननीय कृषि विकासमन्त्री | — | सदस्य |

(ज) माननीय कानुन, न्याय तथा संसदीय मामिलामन्त्री — सदस्य
(झ) माननीय जनसङ्ख्या तथा वातावरण मन्त्री — सदस्य

२. **<u>प्रशासन समिति</u>**

(क) माननीय उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री — संयोजक
(ख) माननीय श्रम तथा रोजगारमन्त्री — सदस्य
(ग) माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री — सदस्य
(घ) माननीय खानेपानी तथा सरसफाइ मन्त्री — सदस्य
(ङ) माननीय सहकारी तथा गरिबी निवारणमन्त्री — सदस्य
(च) माननीय वाणिज्य मन्त्री — सदस्य
(छ) माननीय रक्षामन्त्री — सदस्य
(ज) माननीय सिँचाइमन्त्री — सदस्य
(झ) माननीय सामान्य प्रशासनमन्त्री — सदस्य
(ञ) माननीय पशुपंक्षी विकासमन्त्री — सदस्य

३. **<u>सामाजिक समिति</u>**

(क) माननीय उपप्रधानमन्त्री एवं शिक्षामन्त्री — संयोजक
(ख) माननीय स्वास्थ्यमन्त्री — सदस्य
(ग) माननीय अर्थमन्त्री — सदस्य
(घ) माननीय श्रम तथा रोजगारमन्त्री — सदस्य
(ङ) माननीय गृहमन्त्री — सदस्य
(च) माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री — सदस्य
(छ) माननीय भूमिसुधार तथा व्यवस्थामन्त्री — सदस्य
(ज) माननीय सहकारी तथा गरिबी निवारणमन्त्री — सदस्य
(झ) माननीय युवा तथा खेलकुदमन्त्री — सदस्य
(ञ) माननीय आपूर्तिमन्त्री — सदस्य
(ट) माननीय महिला, बालबालिका तथा समाजकल्याणमन्त्री — सदस्य
(ठ) माननीय जनसङ्ख्या तथा वातावरणमन्त्री — सदस्य

४. **<u>आर्थिक तथा पूर्वाधार समिति</u>**

(क) माननीय उपप्रधानमन्त्री एवं सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्री — संयोजक
(ख) माननीय अर्थसमन्त्री — सदस्य
(ग) माननीय सहरी विकासमन्त्री — सदस्य
(घ) माननीय सूचना तथा सञ्चारमन्त्री — सदस्य
(ङ) माननीय कृषि विकासमन्त्री — सदस्य
(च) माननीय खानेपानी तथा सरसफाइमन्त्री — सदस्य
(छ) माननीय मन्त्री भौतिक पूर्वाधार तथा यातायातमन्त्री — सदस्य
(ज) माननीय वाणिज्यमन्त्री — सदस्य
(झ) माननीय सिँचाइमन्त्री — सदस्य
(ञ) माननीय आपूर्तिमन्त्री — सदस्य

(ट) माननीय ऊर्जामन्त्री — सदस्य

**५. विधेयक समिति**

(क) माननीय कानुन, न्याय तथा संसदीय मामिलामन्त्री — संयोजक
(ख) माननीय सहरी विकासमन्त्री — सदस्य
(ग) माननीय भूमिसुधार तथा व्यवस्थामन्त्री — सदस्य
(घ) माननीय सूचना तथा सञ्चारमन्त्री — सदस्य
(ङ) माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री — सदस्य
(च) माननीय रक्षामन्त्री — सदस्य
(छ) माननीय युवा तथा खेलकुदमन्त्री — सदस्य
(ज) माननीय सामान्य प्रशासनमन्त्री — सदस्य
(झ) माननीय ऊर्जामन्त्री — सदस्य
(ञ) माननीय महिला, बालबालिका तथा समाजकल्याणमन्त्री — सदस्य
(ट) माननीय पशुपंक्षी विकासमन्त्री — सदस्य

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७४ साल साउन ५ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७४ स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— नेपालको संविधानको धारा २८६ को उपधारा (१) बमोजिम संघीय संसदका सदस्यहरु र प्रदेश सभाका सदस्यहरुको निर्वाचनको लागि देहाय बमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्ने:

(क) श्री कमल नारायण दास - अध्यक्ष
(ख) श्री माधव अधिकारी - सदस्य
(ग) प्रा. डा. श्री विश्व कल्याण पराजुली - सदस्य
(घ) श्री गणेशराज कार्की - सदस्य
(ङ) श्री वेगेन्द्रराज शर्मा पौड्याल - सदस्य-सचिव

आयोगको कार्यावधी आयोगले कार्य प्रारम्भ गरेको मितिले २१ दिन हुने ।

३. अर्थ मन्त्रालय— निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको अध्यक्षमा महालेखा नियन्त्रक श्री राजेन्द्रप्रसाद नेपाललाई तोक्ने।

४. गृह मन्त्रालय— तराई मधेश र थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनैतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्यतथ्य छानवीन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग, २०७३ को म्याद थप गर्ने।

५. गृह मन्त्रालय— तराईमधेश र थरुहट लगायतका आन्दोलनका क्रममा मृत्यु भएका तपसिल बमोजिमका , शहीद घोषणा हुन बाँकी रहेका व्यक्तिहरुलाई शहीद घोषणा गर्ने ।

| क्र.सं. | मृतकको नाम, थर | ठेगाना |
|---|---|---|
| १ | राम नारायण यादव | सुनसरी राजगंज, सिनवारी |
| २ | बालकृष्ण राय | सप्तरी, पोर्ताहा-१ |
| ३ | रोशन ठाकुर (रमण) | धनुषा, जनकपुर |
| ४ | रोशन दुरा | तनहुँ |
| ५ | श्री भगवान राउत | रौतहट, गौर न.पा. |
| ६ | श्री विद्यानन्द राय यादव | रौतहट, मुडवलवा |
| ७ | राम आशिष ठाकुर | रौतहट न.पा. |

| | | |
|---|---|---|
| ८ | बाबुराम शर्मा भुसाल | बर्दिया |
| 9 | जय नारायण पट्टेल | बारा |
| १० | रामप्रवेश साह | माधवनारायण गा.पा., रौतहट |
| ११ | कृष्णमोहन जैसवाल | फतुवा विजयपुर गा.पा., रौतहट |
| १२ | राजाराम झा | जनकपुर, धनुषा |

६. गृह मन्त्रालय— प्रहरी अतिरिक्त महानिरीक्षक पदको थप दुईवटा दरवन्दीलाई निरन्तरता दिने ।

७. रक्षा मन्त्रालय— नेपाली सेनाका चालक उपरथी सुधिर श्रेष्ठलाई संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापना कार्यको लागि UNMISS मिशन दक्षिण सुडानमा तैनाथ श्री पशुपति प्रसाद गण (शान्ति सेना) को सु-सम्पन्न हुने मेडल परेड कार्यक्रममा सहभागी हुन पठाउने।

८. रक्षा मन्त्रालय— पदावधिको हदले अवकाश हुने प्रमुख सेनानी रविन जोशीलाई महासेनानी दर्जामा विशेष बढुवा गर्ने ।

९. शान्ति तथा पूनर्निर्माण मन्त्रालय— साविक बमोजिम ७५ जिल्लामा कार्यरत स्थानीय शान्ति समितिका कर्मचारीहरुलाई आ.व. ०७४।७५ मा निरन्तरता दिने ।

१०. सूचना तथा सञ्चार मन्त्रालय— दूरसञ्चार ऐन बमोजिम दूरसञ्चार (२) २०५३ को दफा २३ को उपदफा , पूर्वाधार सेवा खुल्ला गर्ने सम्वन्धी सूचना नेपालराजपत्रमा प्रकाशन गर्ने ।

११. सूचना तथा सञ्चार मन्त्रालय— दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पद एक सिर्जना गर्ने ।

१३. मुख्यसचिव सोमलाल सुवेदीले मिति २०७४/४/१ देखि लागू हुने गरी आफ्नो पदबाट निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) अनुसार सुविधा पाउने गरी दिनुभएको राजिनामा सोही मितिदेखि लागू हुने गरी स्वीकृत गर्ने ।

१४. नेपाल सरकार, मन्त्रिपरिषद् मं.प.बै.सं. ८/०७४ मिति २०७४/२/४ को बैठकबाट निजामती सेवाको अतिरिक्त समूहमा मुख्यसचिव पद सिर्जना गर्ने निर्णय भएकोमा उक्त पद खारेज गर्ने ।

१५. नेपाल सरकारका पदाधिकारी एवं राष्ट्रसेवक कर्मचारीहरूलाई विदेश भ्रमणमा पठाउँदा नेपाल सरकारका अतिविशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा अथवा रात्री भोज एवं उपहार सम्बन्धी निर्देशिका, २०७२ अनुरूप राष्ट्रको प्रतिनिधित्व गरी सहभागी हुनुपर्ने कार्यक्रममा मात्र सहभागी हुने । विदेश भ्रमणको स्वीकृति वा मनोनयन गर्दा त्यस्तो भ्रमणको आवश्यकता, औचित्य र सरकारी कोषको उपयोगमा मितव्ययिता कायम गर्नेतर्फ सचेत रहन सबै मन्त्रालयका सचिवहरूलाई निर्देशन दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**